# काठमाडौं महानगरपालिका

## आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम

### सांस्कृतिक सहर, काठमाडौं नगर

**काठमाडौं महानगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरु !**
**सर्वप्रथम काठमाडौं महानगरपालिकाको नगर सभा तेश्रो अधिवेसनमा हार्दिक स्वागत गर्दछु ।**

१) काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम, यस गरिमामय महानगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा वलिदानी गर्ने शहीदहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । महानगरवासीले दिएको अगाध माया र ममताबाट प्रेरित भई मैले काठमाडौं महानगरलाई सांस्कृतिक-जीवन्त सहरका रुपमा अगाडि बढाई विश्वमा महानगरको गौरवलाई उच्च राख्न केही महत्वपूर्ण नीति तथा कार्यक्रम महानगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

**नीति तथा कार्यक्रम**

२) काठमाडौं महानगरपालिकाको आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडि परेका समुदायहरु समेतलाई मध्यनजर गर्दै महानगरवासीको सर्वोपरी हितलाई केन्द्रभागमा राखी तयार पारिएको छ ।

३) सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले काठमाडौं महानगरपालिकाका कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भष्ट्राचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ । राष्ट्रको सांस्कृतिक धरोहर मानिने सम्पदा र संस्कृतिलाई सम्वर्धन एवं प्रवर्धन गर्ने नीति मार्फत महानगरपालिकाका कार्यक्रमहरु निर्देशित हुनेछन् । महानगरका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा बातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ । महानगर निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

४) गत बर्ष सम्पन्न स्थानीय चुनाव पछिको यो दोश्रो नीति तथा कार्यक्रम हो । अघिल्लो बर्ष पारित गरिएको नीति तथा कार्यक्रमलाई मूर्त रुप दिनको लागि स्थानीय ऐन तथा नियमावली तयार गर्नुका साथै दीर्घकालीन महत्वका कार्यहरुको शुरुवात भएको जानकारी गराउन चाहन्छु । काठमाडौं महानगरपालिकाको नीति, योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रवन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न नगरसभा, नगरकार्यपालिका, प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिहरु, वडा अध्यक्षहरु, नगरकार्यपालिकाका सदस्यहरु तथा वडा सदस्यहरु, सहरी योजना आयोग, विज्ञ सल्लाहकारहरु र आवश्यकतानुसारको कर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ । महानगरद्धारा सम्पादित कार्यहरुमा स्थानीय राजनीतिक दल, बुद्धिजिवी, स्वयंसेवी, नागरिक समाज र आम संचारको भूमिका अझ महत्वपूर्ण रहेको छ । यी सबै पक्षलाई ध्यान दिई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, विभिन्न विषयगत कानूनहरु, काठमाडौं महानगरपालिकाको आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रम, नेपाल सरकारको नीति तथा कार्यक्रम,

चालु आवधिक योजना, दिगो विकास लक्ष्य र विभिन्न व्यक्तित्वहरुबाट प्राप्त सुझावहरु समेतलाई आत्मसात गरी आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

५) महानगरबाट सम्पादन हुने कार्यहरु समन्वय, सहकार्य, साझेदारी, सम्प्रेषण र अनुगमनलाई मूख्य आधार बनाई कार्यान्वियन गर्नका लागि काठमाडौं महानगरपालिका सहरी योजना आयोगको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

६) महानगरपालिकाको आवश्यकता तथा महानगरवासीको चाहनालाई आत्मसात गर्दै हरेक बर्ष कुनै न कुनै विकासका नयाँ अवधारणा ल्याइनेछ र त्यो बर्ष उक्त अवधारणालाई मूर्तरुप दिन बर्षभरी नै विशेष कार्यक्रमहरुको आयोजना गरिनेछ । आगामी आर्थिक बर्ष पुर्वाधार विकासको वर्ष हुनेछ । रानीपोखरी, काष्ठमण्डप, धरहरा लगायतका सम्पदा पुनःनिर्माण, महानगरको केन्द्रीय कार्यालय भवन निर्माण, काठमाडौं महानगरपालिकाभित्रका अन्य सार्वजनिक पूर्वाधारको निर्माण एवं गुणस्तरीयता अभिवृद्धि तथा प्रदुषण नियन्त्रणमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

## विषयगत नीतिहरु

### क) सुशासन नीति :

७) काठमाडौं महानगरपालिकाको संगठन संरचनालाई पुनरावलोकन गरी सवै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ । कर्मचारीको कामको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

८) काठमाडौं महानगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा, विकास कार्यहरुको प्रभावकारी अनुगमनको आवश्यकता महसुस गरिएकोले सो प्रयोजनका लागि काठमाडौं महानगरपालिका प्रमुखको सचिवालय अन्तर्गत रहने गरी एक अनुगमन इकाइको स्थापना गरिनेछ । हाल संचालित टोल फ्रि नंम्बरलाई यसै अन्तर्गत सञ्चालन गरी महानगरलाई प्राप्त हुने सुझाव र गुनासाहरु सिधै सम्वोधन गरिनेछ ।

९) काठमाडौं महानगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ । प्रशासनिक स्वच्छता र निश्पक्षता महानगरपालिकाको ध्येय हुनेछ ।

१०) नेपाल सरकारबाट स्थानीय तहमा जिम्मेवारी हस्तान्तरण भई आएका विषयगत कार्यालयसँग सम्बन्धित सम्पूर्ण भौतिक, अभौतिक, चल तथा अचल सम्पत्ति काठमाडौं महानगरपालिकाको भोग तथा स्वामित्वमा ल्याउन आवश्यक पहल गरिनेछ ।

११) काठमाडौं महानगरपालिकाको महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग कार्यसम्पादन करार गरी कर्मचारीको वृत्ति विकास, सुविधा र जिम्मेवारीलाई कार्यसम्पादनस्तरसँग आवद्ध गरिनेछ ।

१२) भ्रष्ट्राचार नियन्त्रण गरी दण्डहीनताको अन्त्य गरिनेछ । महानगरको सेवा प्रवाहमा कानून उल्लंघन गर्ने र जनउत्तरदायित्व वहन नगर्ने कर्मचारी उपर कडा कारवाही गरिनेछ ।

१३) सहरी सुशासनको पक्षमा निरन्तर क्रियाशील पत्रकारहरु मध्येबाट विभिन्न विधामा प्रत्येक बर्ष १० जनालाई **महानगरीय सुशासन पत्रकारिता पुरस्कार** दिइनेछ ।

१४) सबै वडा कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी, हेल्प डेक्स र श्रव्यदृश्य नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

१५) काठमाडौं महानगरपालिकामा कार्यरत कर्मचारीहरुको पेशागत संघसंगठनको बिद्यमान संरचनालाई एकीकृत, मर्यादित, प्रभावकारी र गुणात्मक गराउँन एकल युनियनको निर्वाचन यसै बर्षभित्र सम्पन्न गरिनेछ ।

१६) काठमाडौं महानगरपालिकाका जनप्रतिनिधिहरुको क्षमता विकास गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

१७) कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ । विकासलाई जनतासँग आवद्ध गराई नगरको विकासमा जनताको हातेमालोलाई आत्मसात गरिनेछ ।

१८) महानगरपालिका कर्मचारी व्यवस्थापन सम्वन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१९) काठमाडौं महानगरवासीलाई छिटो-छरितो रुपमा न्याय प्रदान गर्नका लागि आवश्यक श्रोत, साधन र संयन्त्रको उच्च प्रबन्ध मिलाइनेछ । आगामी आ.व.भित्र सवै वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै मेलमिलाप गराई विवाद निरुपण गर्ने नीति लिइनेछ ।

२०) न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ ।

२१) महानगरपालिकाको सेवा प्रवाहसँग सम्बन्धित ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन आदि तयार गरी लागू गरिनेछ ।

२२) सुरक्षित यात्राको लागि सडक सुशासन कायम गरिनेछ । सवारी साधन, लेन अनुशासन र पैदल यात्रुको अधिकारलाई सुनिश्चित गरिनेछ ।

२३) सीसी क्यामराको माध्यमबाट प्रविधिमैत्री सुरक्षा नीति महानगरपालिकाभित्र लागू गरिनेछ । अपराध नियन्त्रण र दुर्घटना न्यूनीकरण लगायतका कार्यक्रमलाई नेपाल सरकारसँग समन्वय गरी उच्च सतर्कता कायम गर्ने नीति लिइनेछ । कार्यालय व्यवस्थापनलाई पारदर्शी बनाउनका लागि काठमाडौं महानगरपालिकाका सबै कार्यालयमा सी.सी.टी.भी. जडान गरिनेछ ।

२४) नगर प्रहरीको सेवालाई शसक्त र गुणस्तरीय बनाउन क्षमता विकास, तालिम तथा श्रोत साधन उपलब्ध गराई नगर प्रहरीलाई नतिजामूलक सुरक्षा बलको रुपमा विकास गरिनेछ ।

२५) सहरी सुरक्षा कायम गर्न र सहरी सेवा वितरणमा प्रभावकारिता हासिल गर्न महानगरपालिकामा अस्थायी रुपमा बसोबास गर्ने व्यक्तिको समेत लगत अद्यावधिक गर्न आवश्यक देखिएकोले घरधनीले घर वहालमा दिँदा अनिवार्य रुपमा वहाल सम्झौता गरी वहालमा बस्ने व्यक्ति एवं निजको परिवारको विवरण समेत काठमाडौं महानगरपालिका कार्यालयमा पेश गर्नुपर्ने नीतिगत व्यवस्था मिलाइनेछ ।

**ख) आर्थिक तथा वित्त नीतिः**

२६) आर्थिक तथा समाजिक न्यायमा आधारित नमुना सहर बनाउन, आर्थिक समृद्धिको ढोका खोल्न लगानीमैत्री वातावरण बनाइनेछ ।

२७) काठमाडौं महानगरपालिकाको आन्तरिक श्रोतसाधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करको दायरा बिस्तार, र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

२८) महानगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ती कर, बहाल कर, व्यवसाय कर र विज्ञापन करलाई एकीकृत रुपमा आबद्ध गरिनेछ । करको दायरालाई विस्तार गर्ने नीति अनुरुप आ.व. २०७५/०७६ लाई '**महानगर कर अभियान बर्ष**'का रुपमा मनाइनेछ ।

२९) करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउँदै समग्र राजस्व प्रशासनलाई करदातामैत्री बनाइने छ । कर तथा गैरकर राजस्व अनुगमन कार्यलाई कडाइका साथ लागू गर्न विशेष अनुगमन टोली गठन गरी परिचालन गरिनेछ ।

३०) काठमाडौं महानगरपालिकाका सम्पूर्ण करदाताहरुको तथ्याङ्क संकलन गरी अभिलेख अध्यावधिक गरिनेछ । राजस्व असूली कार्यमा विभिन्न निकायहरु र उपत्यकाका अन्य नगरपालिकाहरुसँग समन्वय तथा सहकार्य गरी राजस्व परिचालनमा अभिवृद्धि गरिनेछ ।

३१) काठमाडौं महानगरपालिका क्षेत्रभित्र संचालन हुने गरी अनुमति लिएका संघसंस्था एबं व्यापार व्यबसाय दर्ता र नवीकरण हुनुपूर्व काठमाडौं महानगरपालिकामा अनिवार्य दर्ता हुनुपर्ने र खारेजी हुनुपूर्व काठमाडौं महानगरपालिकाको शिफारिस अनिवार्य हुनुपर्ने व्यवस्थाका लागि सम्बद्ध निकायहरुसँग सहकार्य गरिनेछ ।

३२) काठमाडौं महानगरपालिकाका सवै प्रकारका कर अशुलीलाई प्रभावकारी बनाउन आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गरिनेछ । बहाल करलाई प्रभावकारी बनाउनका लागि बहालमा दिने र लिनेबिच सम्झौता अनिवार्य गर्नुपर्ने व्यवस्था लागू गरिनेछ । बहाल कर असशुलीलाई थप प्रभावकारी बनाउनका लागि नेपाल सरकार आन्तरिक राजस्व विभाग र राजस्व कार्यालयहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

३३) आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र करपरीक्षण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

३४) सबै करदाताको बिवरण डिजिटल प्रणालीमा आबद्ध गरी प्रत्येक करदाताको Kathmandu Smart Tax Payer Card को प्रयोग गर्ने प्रणालीको विकास गरिनेछ ।

३५) स्थानीय उद्यमशीलता, शीप विकास र स्थानीय श्रोत साधनको उपयोगको माध्यमवाट स्थानीय उत्पादन अभिवृद्धि गरी स्थानीय आर्थिक विकासका लागि सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिनेछ । सहरी गरिवी निवारणको लागि सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गरिनेछ ।

३६) सबै किसिमका पेशा व्यवसाय सञ्चालनको दर्ता, नवीकरण गर्ने कार्य छिटो, छरितो, सरल र पारदर्शी बनाई राजस्वको दायरा वढाउन सघन अनुगमन गरिनेछ ।

३७) वडा कार्यालयलाई सशक्त र प्रभावकारी बनाउनका लागि वडा स्तरीय पुर्वाधार निर्माण र सेवा सञ्चालनको लागि न्युनतम निःशर्त विकास अनुदान उपलब्ध गराइनेछ । तोकिएको सीमा भन्दा वढी राजस्व परिचालन गर्ने वडा कार्यालयहरुलाई राजस्व परिचालनको आधारमा थप बजेट निकासा गरिनेछ । कर परिचालनलाई प्रभावकारी बनाउनका लागि सम्वन्धित वडाका जनप्रतिनिधि तथा कर्मचारीलाई प्रोत्साहन गरिनेछ ।

३८) सहरको सौन्दर्य र सुरक्षामा आँच आउने गरी विज्ञापन सामाग्रीहरु राख्ने कार्यलाई पूर्णतः निषेध गर्ने नीति अवलम्बन गरिनेछ ।

३९) सम्पती कर असुलीलाई थप प्रभावकारी बनाउनका लागि नेपाल विद्युत-प्राधिकरणसँग समन्वय र सहकार्य गरिनेछ ।

४०) करको दायरा अभिवृद्धि गर्न विदेशी पर्यटकले काठमाडौं महानगरपालिका क्षेत्रभित्रको होटल बास खर्चमा पर्यटन उपभोग कर लगाउनका लागि आवश्यक पहल गरिनेछ ।

**ग) सहरी विकास नीतिः**

४१) काठमाडौं महानगरपालिकालाई '**स्मार्ट सीटी**'को रुपमा रुपान्तरण गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ । यस आ.व.बाट स्वच्छ वातावरण, हरियाली प्रवर्द्धन, सहरी सौन्दर्यीकरण, गुणस्तरीय पूर्वाधार निर्माण जस्ता अवधारणालाई प्राथमिकताकासाथ कार्यान्वयनमा ल्याई स्मार्ट सीटीको रुपमा विकास गर्ने कार्यलाई तीब्रता दिइनेछ ।

४२) काठमाडौं महानगरपालिकाको दीर्घकालिन, मध्यकालिन र अल्पकालिन योजना एवं क्षेत्रगत गुरुयोजनाहरु तयार गरिनेछ ।

४३) काठमाडौं महानगरभित्र संचालित होटेल, रेष्टूराँ, सपिङ्गमलहरु, डे/नाइट मार्केटहरुलाई प्रोत्साहन दिई काठमाडौंलाई जीवन्त सहरको रुपमा विकास गरिनेछ । आर्थिक तथा पर्यटन क्षेत्रमा योगदान दिने त्यस्ता क्षेत्रहरुलाई चौविसै घण्टा सञ्चालन गर्नका लागि आवश्यक प्रवबन्ध गरिनेछ ।

४४) विकास निर्माण कार्यमा स्थानीय समुदायको व्यापक सहभागिता र प्रतिस्पर्धा सृजना गर्न स्थानीय टोल सुधार समितिहरु मार्फत गरिने कार्यहरु पहिचान गरी ती कार्यहरु जनस्तरबाट गर्ने व्यवस्था मिलाइने छ । टोल सुधार समितिहरुको सहकार्यलाई ब्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक मापदण्ड तयार गरीनेछ ।

४५) नेपाल सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेवा प्रदायक संस्थाहरुसँग आवश्यक समन्वय र सहकार्य गरी महानगर क्षेत्रभित्र अव्यवस्थित रुपमा रहेका केवल, विद्युत, टेलिफोन लगायतका तारहरुलाई व्यवस्थित गरिनेछ ।

४६) महानगर क्षेत्रभित्रका सरकारी, सार्वजनिक तथा पर्ति जग्गाको अतिक्रमण रोकी संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । यस्ता सार्वजनिक जग्गाहरुमा बालउद्यान, स्मार्ट यूथपार्क, फेमिलीपार्क, योगापार्क तथा जेष्ठ नागरिक पार्कहरु र खुला क्षेत्रहरुको रुपमा विकास गरिनेछ । महानगरक्षेत्रभित्र रहेको सुकुम्बासी ब्यवस्थापनका लागि आवश्यक कदम चालिनेछ ।

४७) काठमाडौं महानगरको समष्टिगत विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोगहरु आकर्षित गर्न थप योजनाहरु ल्याइनेछ । विदेशी नगर तथा भगिनी सम्वन्ध भएका सहरहरुसँगको साझेदारीमा समेत विशेष कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

४८) काठमाडौं उपत्यकाका अन्य नगरपालिकाहरुसंगको सहकार्यमा उपत्यका एकीकृत विकास कार्यक्रम अघि बढाइनेछ र उपत्यकालाई एउटा सिङ्गो समृद्ध सहरका रुपमा विकास गर्न पहल गरिनेछ । यसका लागि नगर-नगर साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

४९) भौतिक पूर्वाधार सम्बन्धी प्रोफाईल तयार गरी वस्तुस्थितिलाई अद्यावधिक गर्ने नीति लिइनेछ ।

५०) ऐतिहासिक रानीपोखरीको वरपर रहेका सम्पूर्ण क्षेत्रलाई समेटी बृहत्तर रानीपोखरी निर्माण गरिनेछ ।

५१) ऐतिहासिक एवं वातावरणीय दृष्टिले महत्वपूर्ण रहेका कमलपोखरी, नागपोखरी, गहनापोखरी, नारायणहिटी पोखरी लगायतका पोखरीहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।

५२) सुन्धारास्थित केन्द्रीय कारागारको उत्तरतर्फ रहेको सडकलाई स्तरोन्नत्ति गरी सार्वजनिक उपयोगका लागि खुला गर्न पहल गरिनेछ ।

५३) काठमाडौं महानरपालिकाद्धारा संचालित जग्गा एकीकरण आयोजनाहरुलाई शीघ्र सम्पन्न गर्न विषेश जोड दिइनेछ ।

५४) हाल संचालनमा रहेको तिलगंगा-गुहेश्वरी मार्गलाई थप ब्यवस्थित गर्नका लागि आवश्यक पहल गरिनेछ ।

५५) काठमाडौं महानगरपालिका क्षेत्रभित्र संचालनमा रहेका ठुला व्यावसायिक संघ संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गर्ने खर्चलाई काठमाडौं महानगरपालिकाको सहरी विकासमा लगानी गर्ने गरी सहकार्य गर्ने नीति लिइनेछ ।

५६) काठमाडौं महानगरपालिकाद्वारा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार सञ्चालित परियोजनाहरुको अध्ययन मूल्यांकन गरी आवश्यक सुधार तथा पुनरावलोकन गरिनेछ ।

५७) झिलिमिली काठमाडौं कार्यक्रम अन्तर्गत महानगरक्षेत्रभित्रका सडकहरुमा आवश्यक संख्यामा सडक वत्ती जडान गरिनेछ । हरेक घरले सार्वजनिक प्रयोगका लागि बाटो तर्फ बत्ती बाल्न प्रोत्साहित गरिनेछ ।

५८) निर्देशित जग्गा विकास (GLD) मापदण्डको पुनरावलोकन गर्न आवश्यक पहल गरिनेछ ।

**घ) पूर्वाधार विकास नीतिः**

५९) काष्ठमण्डप पुनःनिर्माण कार्य द्रुतगतिमा अगाडि बढाइनेछ । साथै काठमाडौं महानगरपालिकाको केन्द्रीय कार्यालय रहेको हरिभवनको नवनिर्माणको थालनी यसै आ.व.बाट सुरु गरिनेछ ।

६०) महानगरक्षेत्रभित्र निर्माण गरिने भौतिक पूर्वाधारहरु अपांगता, वातावरण र लैगिंकमैत्री बनाइनेछ ।

६१) दरबार हाईस्कुल निर्माणमा आवश्यक सहयोग गरिनेछ ।

६२) काठमाडौं महानगरपालिका क्षेत्रभित्रका बसपार्क, बसस्टेसनहरुको स्तरोन्नत्ति, विकास तथा आधुनिकीकरण गरिनेछ । यसका लागि अत्याधिक यात्रुहरुको चाप हुने क्षेत्रहरुमध्ये यस वर्ष रत्नपार्क, भृकुटीमण्डप, सुन्धारा (एन.ए.सी.अगाडि), चावहिल चोक, कोटेश्वर, बानेश्वरमा आधुनिक नमुना यात्रु प्रतिक्षालय निर्माण गरिनेछ ।

६३) ठूला र अत्याधुनिक भौतिक पूर्वाधार विकास गरी सहरी सेवाको गुणस्तर र क्षेत्र विकास एवं स्थानीय तहमा रोजगारी सृजना गर्न सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुपको कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

६४) कलंकी-त्रिपुरेश्वर-कोटेश्वर, त्रिपुरेश्वर-वाँसवारी र कमलपोखरी-गौशाला सडकको गुणस्तरीयता अभिवृद्धि गरी/गराई हरियाली प्रवर्द्धन गरिनेछ ।

६५) काठमाडौं उपत्यकाभित्र अन्तर्राष्ट्रिय स्तरको सभा, सम्मेलन, प्रदर्शनी तथा कार्यक्रम सञ्चालन गर्न मेघा हल निर्माणका लागि उपयुक्त स्थानको पहिचान गरी कार्य अगाडि बढाईनेछ ।

६६) काठमाडौं महानगरपालिका क्षेत्रभित्रका सहायक सडकहरुलाई पूर्णरुपमा कालोपत्र, ढुंगा/ईट्टा/ब्लक छाप्ने, पिसीसी ढलान गरी यथासक्य हरियाली प्रर्वद्धन गरिनेछ ।

६७) महानगरभित्रका स्थानहरु त्रिपुरेश्वर, कालिमाटी, थापाथली, बबरमहल, पुतलीसडक, माइतिघर लगायतका क्षेत्रमा आवश्यक संख्यामा आधुनिक आकाशे पुलहरु निर्माण गरिनेछ ।

६८) ढल निकास, ढल जाम तथा ढल व्यवस्थापनको लागि संवद्ध निकायसँग समन्वय गरी कार्य गरिनेछ ।

६९) काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका बागमती, विष्णुमती, धोवीखोला र मनोहरा नदीको हरेक ५०० मिटरको दुरीमा मानिसहरु आवत जावत गर्न मिल्ने पुल तथा बेलीब्रिजहरुको निर्माण गर्ने नीति लिइनेछ ।

**ङ) सहरी यातायात नीतिः**

७०) साना सवारी साधनहरुको प्रयोगलाई निरुत्साहित गरी महानगरवासीलाई सार्वजनिक यातायातको अधिकतम उपयोग गर्न हाल बिश्वव्यापी रुपमा चलनचल्तीमा आएका सुविधायुक्त ठूला बसहरुको प्रयोग, मोनो रेल, मेट्रो, केबलकार जस्ता बिभिन्न प्रकारका बिकल्पहरुको अध्ययन गरी उपयुक्त र बृहत्तर सहरी यातायात योजना बनाई लागू गरिनेछ । मोनोरेल र केबलकार अध्ययन कार्यान्वयनको लागि छुट्टै एकाई गठन गरी जिम्मेवारी दिइनेछ ।

७१) सवारी साधनको सञ्चालन अवधि बढाउँदै स्थानीय आर्थिक विकास र रोजगारीको अवसर सृजना गरी जीवन्त काठमाडौंको परिकल्पना कार्यान्वयन गरिनेछ ।

७२) काठमाडौं महानगरपालिका क्षेत्रभित्रका प्रमुख चोकहरुमा आधुनिक ट्राफिक लाईटहरु जडान गरी ट्राफिक व्यवस्थापनलाई थप सहज र व्यवस्थित बनाउन सम्वन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

७३) काठमाडौं महानगर क्षेत्रभित्र स्मार्ट पार्किङको व्यवस्था गरिनेछ । सहरका विभिन्न ठाउँमा स्मार्ट “भर्टिकल पार्किङ” र अण्डरग्राउण्ड पार्किङ निर्माण गर्ने नीति लिइनेछ ।

७४) काठमाडौं उपत्यका भित्रिने ठूला सवारी साधनहरुलाई उपत्यकाका अन्य गाउँपालिका/नगरपालिकाका खुला जमिनहरुमा पार्किङ्ग गर्न क्रमशः सटल बस पार्कहरु बनाउन समन्वय र सहकार्य गरिनेछ ।

७५) निजी क्षेत्रबाट सञ्चालित सार्वजनिक यातायातको सेवाको गुणस्तर अभिवृद्धि गर्न नियमन र सचेतना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ । काठमाडौं महानगरपालिका क्षेत्रभित्र चल्ने सार्वजनिक यातायातका लागि विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

७६) काठमाडौं महानगरपालिका क्षेत्रभित्र Free Vehicle Zone लागू गर्नका लागि काठमाडौं महानगरपालिकाको अनिवार्य स्वीकृति लिनुपर्ने व्यवस्था गरिनेछ ।

७७) काठमाडौं उपत्यकाभित्र आउने सवारी साधनबाट हुने धुलो प्रदुषणलाई नियन्त्रण गर्नका लागि काठमाडौं उपत्यकाभित्र छिर्ने नाकाहरुमा सम्वन्धित स्थानीय तहसँग समन्वय गरी आधुनिक Vehicle Cleanning Centre निर्माण गरिनेछ ।

७८) साझा यातायात सहकारी संस्थासँगको सहकार्यलाई निरन्तरता दिइनेछ । सार्वजनिक यातायातका ठुला सवारी साधनरुलाई प्रोत्साहित गरिनेछ ।

**च) सामाजिक विकास तथा सहकारी नीति :**

७९) नेपाल सरकारले जेष्ठ नागरिकलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता घर-घरमै उपलब्ध गराईने अभ्यासलाई निरन्तरता दिइनेछ । प्रत्येक वर्ष जेष्ठ नागरिक सम्मानका अभियन्ता पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका तत्कालीन अध्यक्ष स्वर्गीय मनमोहन अधिकारीको स्मरणमा मनमोहन स्मृति दिवसका दिन **‘मनमोहन जेष्ठ नागरिक सम्मान कार्यक्रम’** आयोजना गरिनेछ ।

८०) प्रत्येक वडामा कम्तिमा १ वटाको दरले जेष्ठ नागरिक मनोरन्जन तथा सेवा केन्द्र विस्तार गर्दै लगिनेछ ।

८१) गत आर्थिक बर्षदेखि जेष्ठ नागरिकलाई साझा बसमा प्रदान गरिएको निःशुल्क यात्रा गर्ने सुविधालाई निरन्तरता दिइनेछ ।

८२) नेपाली काँग्रेसका सर्वोच्च नेता स्वर्गीय गणेशमान सिंहले प्रजातन्त्र प्राप्तिको निमित्त गर्नुभएको योगदानलाई चिरस्थायी बनाउन प्रत्येक वर्ष चैत्र २६ गते गणेशमान प्रजातन्त्र सेनानी सम्मान कार्यक्रमको थालनी गरिनेछ । यस अन्तर्गत प्रजातन्त्र प्राप्तिको आन्दोलनमा समर्पित व्यक्तित्वहरुलाई **‘गणेशमान सिंह प्रजातन्त्र सेनानी सम्मान’**बाट विभुषित गरिनेछ ।

८३) काठमाडौं नगरका प्रथम नगरपिता श्री जनकमान श्रेष्ठलाई आउँदो महानगर दिवसको अवसरमा सार्वजनिक रुपमा अभिनन्दन गरिनेछ ।

८४) काठमाडौं महानगरभित्र विभिन्न उद्यम गरिरहेका शिल्पीहरुको सीप विकासका लागि प्रोत्साहित गर्ने नीति लिइनेछ ।

८५) समाजमा पिछडिएका तथा निम्न आय भएका वर्गहरुका लागि सामुदायिक आवास कार्यक्रम निर्माण गर्न विस्तृत योजना तयार पारिनेछ । यस अन्तर्गत यो वर्ष काठमाडौं उपत्यकाभित्रको कुनै उपयुक्त स्थानमा न्यूनतम २० कोठाको सामुदायिक आवास भवन निर्माण कार्यको थालनी गरिनेछ ।

८६) काठमाडौं महानगरपालिकालाई सडक मानव मुक्त बनाउने अभियान अन्तर्गत सडकमा कष्टकर जीवनयापन गरिरहेका सहयोगापेक्षी (मनोरोगी, असहाय, अशक्त) मानवहरुको संरक्षणका लागि मानवसेवा आश्रमसँग गर्दै आएको सहकार्यलाई निरन्तरता दिइनेछ । सडक सहयोगापेक्षी मानव सेवालाई दीगो र

संस्थागत बनाउनका लागि काठमाडौं महानगरपालिकाको तर्फबाट एक सवारी साधन उपलब्ध गराइनेछ र आश्रम निर्माणका लागि आवश्यक सहयोग गरिनेछ ।

८७) हिंसामा परेका महिलालाई पुर्नस्थापना केन्द्रमा अस्थायी रुपमा आश्रय दिई उनीहरुको क्षमता विकास गरी स्वरोजगारमूलक कार्यमा सहभागी गराउने एवं सम्भव भएसम्म परिवारसँग पुर्नमिलन गराउनका लागि सरकारी तथा गैर-सरकारी संघसस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

८८) सामाजिक विकासमा गैरसरकारी संस्थाको भूमिकालाई परिभाषित गर्दै गैर सरकारी सघंसंस्थासँगको सहकार्य र परिचालन सम्वन्धी छुट्टै कानून बनाई प्रभावकारी नियमन गरिनेछ । महानगरपालिकामा स्थायी ठेगाना राखी स्थापना भएका गैरसरकारी संस्थाहरुले अनिवार्य रुपमा महानगरपालिकामा समेत कार्यक्रम सञ्चालन गनुपर्ने नियम लागू गरिनेछ ।

८९) साना तथा घरेलु व्यवसाय शुरु गर्ने उद्यमीहरुलाई लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक पर्ने नियम, विनियमहरु क्रमशः बनाउदै लगिनेछ ।

९०) सामाजिक परिचालनको लागि विभिन्न उमेर समूहका स्वयंसेवी समूहको सूची तयार गरी प्रत्येक वडामा सञ्चालन हुने सामाजिक विकास कार्यक्रम एवं विकास निर्माणका क्षेत्रमा स्वयंसेवीलाई परिचालन गरिनेछ । निवृत्त भएका कर्मचारी, शिक्षक आदिको बृहत संजाल तयार गरी निजहरुको अनुभव तथा ज्ञानलाई सामाजिक सद्भाव, शिक्षा, स्वास्थ्य तथा उद्यमशीलता अभिबृद्धिमा लगाइनेछ ।

९१) विशेष दिवस तथा पर्वहरुमा वातावरण संरक्षण, हरियाली प्रवर्दन एवं जनचेतनामूलक कार्यक्रमहरुको आयोजना गरी सामाजिक परिचालनमा जोड दिइनेछ ।

९२) विभिन्न क्षेत्रहरुमा आवश्यकताका आधारमा सीपमूलक तालिम सञ्चालन गरिनेछ । सोका लागि काठमाडौं महानगरपालिका आफैले महानगरस्तरीय एकीकृत तालिम केन्द्र सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।

९३) साना तथा मझौला व्यवसायहरुको लागि सहकारीको माध्यमबाट आयआर्जन र जीवनस्तरमा सुधार ल्याउने नीतिको थालनी गरिनेछ ।

९४) काठमाडौं महानगरपालिकामा सहरी गरिवी घटाउने प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

९५) निजी क्षेत्रसंगको सहकार्यमा जनशक्तिको समुचित सदुपयोग गर्न रोजगारीका अवसरहरुको यथार्थ तथ्याङ्क संकलन गरिनेछ । यसका लागि आवश्यकता अनुसार Online रोजगार सूचना केन्द्र स्थापना गरिनेछ ।

९६) युवाहरुको वैदेशिक रोजगारीमा जाने बढ्दो प्रवृत्तिलाई स्वदेशी उद्यममा आकर्षण गर्न स्वदेशी वस्तुहरुको उत्पादन, प्रवर्द्धन र बजारीकरणलाई प्रोत्साहन गरिनेछ । यसको सुरुवात स्वरुप महानगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुको पहिचान गरि नेपाली बस्तुहरुको बजार संचालनमा ल्याइनेछ ।

९७) काठमाडौं महानगरपालिकाको सामाजिक विकासका क्षेत्रहरुमा **युवा** परिचालन गर्ने नीति लिइनेछ ।

९८) यूवाहरुलाई दुर्व्यसनमुक्त बनाउने सचेतनामूलक एवं उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । सामाजिक एवं सचेतनामूलक कार्यमा प्रत्येक वडामा स्वयंसेवकहरु परिचालन गरिनेछ । व्यायाम र खेलकुदलाई सहरी वासिन्दाको जीवन पद्धति वनाउन वडा वडामा तदनुरुपका कार्यक्रमहरु सञ्चालनका लागि प्रोत्साहित गरिनेछ । यसका लागि महानगर क्षेत्रमा व्यायामशाला तथा खेलकुद मैदानको विकास र विस्तार गर्ने नीति लिइनेछ । यस अन्तर्गत **महानगर हेल्थ क्लब** निर्माण गरी संचालन गर्ने नीति लिइनेछ । त्यसैगरी महानगरीय रंगशाला/कबर्डहल निर्माण गर्ने प्रयोजनको लागि उपयुक्त स्थानको सम्भाव्यता अध्ययन गरिनेछ ।

९९) खेलाडी राष्ट्रिय शान र गौरव भएकोले सरकारी मनोनयनमा परी अन्तर्राष्ट्रिय स्तरमा आयोजना हुने खेलकुद प्रतियोगितामा सहभागी भई पदक विजेता नेपाली खेलाडी र सम्बन्धित प्रशिक्षकहरुलाई विशेष अवसरमा पुरस्कार सहित सम्मान गर्ने नीति लिइनेछ ।

१००) स्वरोजगारीका अवसर सृजना गर्न युवाहरुलाई लक्षित गरी विभिन्न किसिमका व्यवसायिक तालिमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइ उद्यमशिलताको विकास गर्न प्रोत्साहन गरिनेछ । गृहिणी महिलाहरुका लागि घरमै रोजगारीका कार्यक्रमहरु संचालन गर्न प्रोत्साहन दिइनेछ । यसका लागि सहकारीलाई प्रवर्द्धन गरिनेछ ।

१०१) युवाहरुलाई उत्प्रेरित गरी सामाजिक क्षेत्रमा परिचालन गर्नका लागि हरेक वर्ष अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा विभिन्न क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गर्ने १० जना यूवाहरुलाई **'महानगर आदर्श युवा पुरस्कार'** दिइ सम्मान गरिनेछ ।

**छ) शिक्षा व्यवस्थापन नीतिः**

१०२) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरी आधुनिक, व्यावसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिइनेछ । विद्यालय शिक्षामा राष्ट्रियता र देशप्रेमको भावना विकास गर्ने, उच्च नैतिक चरित्र निर्माण गर्ने र कर्तव्यवोध गराउने जस्ता विषय समेत समावेश गरी थप पाठ्यक्रममार्फत आदर्श र अनुशासित नागरिकका गुणहरु अध्ययन अध्यापन गराउन जोड दिइनेछ । विद्यालय तहदेखिनै जीवनउपयोगी, व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिने नीति लिइनेछ ।

१०३) काठमाडौं महानगरपालिका क्षेत्रभित्र सञ्चालित शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा, पूर्व तयारी कक्षा तथा कोचिङ्ग कक्षाहरुको विवरण अद्यावधिक गरी प्रभावकारी नियमन गरिनेछ ।

१०४) विद्यालय जाने उमेरका सम्पुर्ण बालबालिकाहरुलाई अनिवार्य विद्यालय जाने अवस्था सिर्जना गरी गुणस्तरीय विद्यालय शिक्षाको प्रत्याभूति गरिनेछ । विचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै विद्यालयमा शिक्षणमैत्री बातावरण सिर्जना गरिनेछ ।

१०५) गरिव, जेहन्दार तथा विपन्न वर्गका वालवालिकाहरुलाई आवश्यकता अनुसार पाठ्यपुस्तक, पाठ्यसामाग्री र पोषाक लगायतका सामाग्री उपलब्ध गराई अभिभावकत्व प्रदान गरिनेछ ।

१०६) काठमाडौं महानगरपालिकालाई उच्च शिक्षाको केन्द्रका रुपमा विकास गरिनेछ । दक्ष र उच्च दक्ष जनशक्तिको उत्पादनलाई उच्च प्राथमिकता दिइने नीति लिइनेछ । यसका लागि गैर प्राविधिक विषयमा ३० प्रतिशत र व्यावसायिक तथा प्राविधिक विषयमा ७० प्रतिशतले जनशक्ति विकास गर्न प्राविधिक शिक्षालयलाई विस्तार गरिनेछ ।

१०७) काठमाडौं महानगरपालिका क्षेत्रभित्र सञ्चालन गरिएका सम्पूर्ण उच्च शिक्षा प्रदायक निजी संस्थाहरुको अनिवार्य रुपमा काठमाडौं महानगरपालिकामा व्यवसाय दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

१०८) शिक्षा क्षेत्रलाई सेवामूलक क्षेत्रका रुपमा विस्तार गरिनेछ । शिक्षामा निजी लगानीको नियमन गरी शैक्षिक क्षेत्रमा रहेको विषमता हटाइनेछ । संस्थागत विद्यालयहरुमा शुल्क निर्धारण गर्ने पद्धति र गुणस्तरको नियमित अनुगमन गरी पारदर्शी बनाइनेछ ।

१०९) काठमाडौं महानगरपालिका क्षेत्रभित्र सार्वजनिक पुस्तकालय र वाचनालयको प्रवर्द्धन गरिनेछ । प्रौढ कक्षा, वैकल्पिक शिक्षा र साक्षर कक्षाहरु संचालन गर्न प्राथमिकता दिइनेछ ।

११०) काठमाडौं महानगरपालिकाको छात्रवृति कोष विपन्न, गरिव, जेहन्दार र फरक क्षमता भएका बालबालिकाको विषेश शिक्षामा प्रयोग गर्ने नीति लिइनेछ ।

१११) आधुनिक र गुणस्तरीय शिक्षा प्रवाह गर्नका लागि आवश्यकता अनुसार विशेषज्ञ शिक्षकबाट धेरै विद्यालयमा एकै समयमा अध्यापन गराउन सकिने गरी सूचना प्रविधिको माध्यमबाट अध्यापन गर्ने कार्यको थालनी गरिनेछ । यसका लागि श्रब्यदृश्य उपकरणको माध्यमबाट शिक्षा प्रवाह गर्ने संरचनाको विकास गर्न जोड दिइनेछ ।

११२) प्राथमिक तहमा मातृभाषाको शिक्षण सिकाईलाई प्रोत्साहन गरिनेछ । काठमाडौं उपत्यकाको आदिवासी नेवार समुदायको स्थानीय भाषा (नेपाल भाषा)को सम्बर्द्धन र प्रबर्द्धनमा जोड दिइनेछ ।

११३) सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत तह र माध्यमिक तहको परिक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने ३/३ विद्यालयलाई प्रत्येक वर्ष रु २ लाखका दरले महानगर उत्कृष्ट शिक्षा पुरस्कार प्रदान गरिनेछ ।

**ज) स्वास्थ्य नीतिः**

११४) वरिष्ठ जेष्ठ नागरिकको विशेषज्ञ चिकित्सकद्धारा नियमित एवं निःशुल्क स्वास्थ्य परीक्षण सेवाको आवश्यक व्यवस्था मिलाइनेछ ।

११५) महानगरवासीहरुको स्वस्थ जीवनका लागि स्वच्छ आहार विहारको नीति अवलम्बन गरिनेछ । उपभोक्तामैत्री कानूनहरुको निर्माण गरी लागू गरिनेछ । काठमाडौं महानगरपालिका अन्तर्गत विभिन्न स्थानहरुबाट छरिएर रहेका स्वास्थ्य सेवाहरुलाई एकीकृत गरी विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवा प्रवाह गर्न **'महानगर अस्पताल'** सञ्चालन गर्ने नीति लिइनेछ ।

११६) सामुदायिक स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई विस्तार गर्दै निःशुल्क स्वास्थ्य परीक्षण सेवा सन्चालन गर्ने तथा सरकारले तोकेबमोजिमको औषधी निःशुल्क वितरण गरिनेछ । प्रत्येक वडामा स्वास्थ्य केन्द्रको स्थापना गरी निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

११७) महानगरक्षेत्रभित्र सञ्चालित शिशुस्याहार केन्द्रको गुणस्तरीयता सम्बन्धमा प्रभावकारी अनुगमन तथा नियमन गर्ने प्रणालीको विकास गरिनेछ ।

११८) महानगरक्षेत्रभित्र पशुपंक्षी तथा कुकुरपालन सम्बन्धी नियमन गर्नका लागि आवश्यक मापदण्ड बनाई लागू गरिनेछ ।

११९) काठमाडौं महानगरपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाले गरेको योगदानको कदर गर्दै हाल पाईरहेको सेवा सुविधामा समयानुकूल बृद्धि गरी सेवालाई थप प्रोत्साहित गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविका मार्फत प्रदान गरिदै आएको सेवालाई अझ विस्तार गरि यसको प्रभावकारिता अभिबृद्धि गरिनेछ ।

१२०) काठमाडौं महानगरवासीको गुणस्तरीय एवं न्युनतम स्वास्थ्य सेवा प्राप्त गर्न पाउने हकलाई सुनिश्चित गर्न काठमाडौं महानगरपालिका क्षेत्रमा सञ्चालित सबै सरकारी, नीजि र सामुदायिक अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर नियमन र अनुगमन गर्ने संस्थागत व्यवस्था मिलाइनेछ । यस कार्यमा स्थानीय जनप्रतिनिधिहरुलाई परिचालन गर्ने नीति लिइनेछ ।

१२१) काठमाडौं महानगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुको आर्थिक वर्ष २०७५/०७६ देखि लागू हुने गरी काठमाडौं महानगरपालिकाद्धारा वार्षिक स्वास्थ्य बीमा गरिनेछ ।

**झ) संस्कृति, सम्पदा तथा पर्यटन नीति :**

१२२) काठमाडौं महानगरपालिका क्षेत्रभित्रका प्रचलित पर्व र अन्य सांस्कृतिक क्रियाकलापहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक सहयोग गरिनेछ ।

१२३) शोभाभगवती, इन्द्रायणी (कंकेश्वरी), लख तीर्थ, पचली भैरब, कोटेश्वर महादेब मन्दिर, नारायणहिटी मन्दिर, म्हेपी मन्दिर, कैलाशकूट लगायत धार्मिक र सांस्कृतिक क्षेत्रहरुको बृहत्तर विकास योजना बनाइ संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।

१२४) काठमाडौं महानगरपालिका क्षेत्रभित्रका धार्मिक तथा साँस्कृतिक महत्व बोकेका वहाः, वही, चुकः, नःनी, मन्दिरहरुलाई समेट्ने गरी पर्यटक पदमार्गको विकास गरी स्थानीय यूवाहरुको स्वरोजगारीलाई प्रवर्द्धन

गरिनेछ । हनुमानढोकादेखि स्वयम्भूसम्मको पुरातात्विक सम्पदा मार्गलाई प्रवर्द्धन गरिनेछ । पर्यटकहरुलाई थप आकर्षित गर्न हनुमानढोका दरवार क्षेत्रमा विभिन्न सांस्कृतिक कार्यक्रमहरु निरन्तर रुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ । पशुपतीनाथदेखि-बौद्धस्तुपासम्म र अन्य सम्पदा मार्गहरुको सम्भाव्यता अध्ययनको थालनी यसै वर्ष गरिनेछ ।

१२५) मौलिक वस्ती भ्रमण प्याकेज निर्माण गरी सम्बन्धित व्यवसायी मार्फत पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

१२६) काठमाडौं उपत्यकाको सम्पदाको रुपमा रहेको बागमती, विष्णुमती, धोबीखोला, सामाखुसी खोला, ईच्छुमति लगायतका नदी खोलाहरुलाई अतिक्रमण मुक्त गरी सफा र सुन्दर बनाइनेछ । काठमाडौं महानगरपालिका क्षेत्रभित्रका नदीनालाको सरसफाई र संरक्षणको उचित व्यवस्था गरी नदीलाई मानव सभ्यता र सौन्दर्यसँग आवद्ध गरिनेछ । नदी किनारमा सम्पदामार्ग निर्माण गरिनेछ ।

१२७) महानगर क्षेत्रभित्र रहेका ऐतिहासिक पोखरी तथा ढुंगेधाराहरुको तथ्याङ्क संकलन गरी संरक्षण र विकास गरिनेछ ।

१२८) काठमाडौं महानगरपालिका क्षेत्रभित्रका विभिन्न धार्मिक, सांस्कृतिक, तथा ऐतिहासिक महत्व वोकेका स्थान तथा सम्पदाहरुको मौलिक एवं प्राचीन नामहरुको खोजी गरी त्यस्ता स्थानहरुको मौलिकतालाई संरक्षण एवं प्रवद्धर्न गर्दै लगिनेछ ।

१२९) स्थानीय भाषा, लिपी, साहित्य र कलालाई प्राथमिकताका साथ संरक्षण र प्रवर्द्धन गरिनेछ ।

१३०) काठमाडौं जिल्लाका अन्य नगरपालिकाहरुसँग सहकार्य गरी सहरी व्यवस्थापनका कार्यक्रमहरु संयुक्त रुपमा विकास गर्ने नीति लिइनेछ । आगामी वर्ष टोखा नगरपालिकालाई उक्त नगरपालिकामा रहेको बौडेश्वर महादेव उद्यान क्षेत्रलाई सांस्कृतिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ ।

१३१) सिठी नखःको दिन काठमाडौं महानगरपालिका क्षेत्रभित्रका इनार सफाईको अभियान सञ्चालन गरिनेछ ।

१३२) महानगरपालिका क्षेत्रमा रहेका स्वयम्भु, बौद्ध आदि धार्मिक एवं पर्यटकीय स्थलको प्रभावकारी संरक्षण, प्रवर्द्धन र विकासका लागि उक्त पर्यटकीय स्थलहरु काठमाडौं महानगरपालिका मार्फत सञ्चालन र व्यवस्थापन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ । साथै काठमाडौं महानगर क्षेत्रभित्र रहेका अन्य सांस्कृतिक, धार्मिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको व्यवस्थापन काठमाडौं महानगरपालिका मार्फत गर्ने अधिकार प्राप्त गर्न पहल गरिनेछ ।

१३३) पशुपतिनाथ क्षेत्रको विकासका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१३४) काठमाडौं महानगरस्तरीय जातीय तथा सांस्कृतिक संग्रहालय निर्माण गरिनेछ ।

१३५) काठमाडौं महानगरपालिकाको स्वामित्वमा रहेको बालाजु बाईसधारा उद्यान र नागार्जुन जंगलक्षेत्र समेतलाई समेटी **'चलचित्र नगरी'**का रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

१३६) हनुमानढोका दरबार क्षेत्र, स्वयम्भू, बौद्ध र पशुपतिक्षेत्रलाई पर्यटकीय हवका रुपमा विकास गरिनेछ ।

१३७) काठमाडौं महानगरभित्रका अमुर्त सम्पदाको संरक्षण र प्रवर्द्धनमा विशेष योगदान गर्नुभएका विभिन्न परम्परागत बाजाहरु सिकाउने गुरुहरुलाई उहाँहरुको योगदानको कदर गर्दै विशेष सुविधा सहित सम्मान गरिनेछ ।

१३८) स्थानीय नेपाल भाषा र नेपाली भाषा प्रवर्द्धनका लागि महत्वपूर्ण योगदान गर्ने श्रष्टा सम्मानमा **'महानगर साहित्य पुरस्कार'** दिईने व्यवस्था गरिनेछ ।

१३९) ऐतिहासिक कोतपर्वका हातहतियारको संरक्षण गरी यसको प्रदर्शनीको उचित व्यवस्था मिलाउन उक्त हातहतियार भएको भवनको जिर्णोद्धार तथा पुननिर्माण गरिनेछ ।

१४०) काठमाडौं महानगरपालिकाले काष्ठकला, मुर्तीकला र चित्रकला सम्बन्धी प्रतियोगिता आयोजना गरी उत्कृष्ट कलाकारितालाई संग्रहालयमा राख्ने, विभिन्न सार्वजनिक स्थलहरुमा सजाउने र त्यस्ता उत्कृष्ट कलाकारहरुलाई पुरस्कार सहित सम्मान गरिनेछ ।

१४१) काठमाडौं महानगरपालिका क्षेत्रभित्र संचालन हुने विभिन्न जात्रा पर्वलाई अन्तर्राष्ट्रियकरण गरी पर्यटन प्रवर्द्धन गरिनेछ । महानगरको ऐतिहासिक ईन्द्रजात्रालाई विश्वब्यापी गर्नको लागि काठमाडौं महानगरपालिकासँग भगिनी सम्बन्ध भएका सहरहरुका मेयरलाई ईन्द्रजात्राका अवसरमा विशेष आमन्त्रण गरिनेछ ।

**ञ) सूचना तथा संचार नीति :**

१४२) महानगरपालिकामा ई-गभर्नेन्स प्रणालीको विकास गर्न आवश्यक पूर्वाधारहरुको निर्माण एवं सो को प्रभावकारी सञ्चालन गरिनेछ । यसका लागि हाल कार्यान्वयनको चरणमा रहेको MARS प्रणालीलाई विकास एवं विस्तार गरी लागू गरिनेछ ।

१४३) काठमाडौं महानगरपालिकाका विभिन्न स्थानहरु जस्तै हनुमानढोका दरवार क्षेत्र, स्वयम्भु, पशुपतिनाथ, बौद्ध, बालाजु बाईसधारा पार्क, शंखपार्क, नयाँबानेश्वर चोक, शंखधरपार्क (रत्नपार्क), काठमाडौं महानगरपालिकाका केन्द्रीय कार्यालय लगायत सवै वडा कार्यालयहरुमा हाल निःशुल्क WiFi सेवा प्रवाह गरी आएकोमा यस वर्ष थप १५ सार्वजनिक स्थानहरुको पहिचान गरी यस सेवालाई क्रमशः विस्तार गरिनेछ ।

१४४) महानगरवासीको व्यक्तिगत परिचय समेत उल्लेख भएको **'महानगर स्मार्ट सिटिजन कार्ड'** लागू गर्ने नीति लिइनेछ ।

१४५) महानगरपालिकाको सहरी व्यवस्थापन र राजस्व प्राप्तिका लागि भौगोलिक सूचना प्रविधिमा आधारित एकीकृत महानगर सूचना प्रणाली विकास गरिनेछ ।

१४६) काठमाडौं महानगरपालिकाले आफ्नै टेलिभिजन स्टेसन निर्माण गरी नगरबासीमा आफ्नो सूचनाहरु प्रसारणको व्यवस्था मिलाउनको लागि अध्ययनको थालनी गरिनेछ ।

१४७) मेट्रो एफ.एम.लाई व्यवसायिक रुपमा संचालन गर्ने नीति लिइनेछ । सोको लागि आवश्यक अध्ययन गरी कार्य प्रारम्भ गरिनेछ ।

१४८) स्थानीय राजपत्र र महानगर बुलेटिनको प्रकाशनलाई नियमित र व्यवस्थित गर्दै लगिनेछ ।

**ट) वातावरण सम्बन्धी नीति :**

१४९) काठमाडौं महानगरमा भइरहेको प्रदुषण एवं धुँवा धुलोलाई न्यूनीकरण गरी नो मास्क सिटीका रुपमा विकास गरिनेछ । यसका लागि नेपाल सरकारका सम्वन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

१५०) काठमाडौं महानगरपालिका क्षेत्रभित्रका खुला क्षेत्र, सरकारी तथा गैर सरकारी संघसंस्था, विद्यालय, विश्वविद्यालयको कार्यालय परिसर, नदी किनार, सडक किनार, सार्वजनिक जग्गा, पर्ति तथा नदी उकासका स्थलहरुमा विभिन्न प्रजातिका फलफूलका बिरुवाहरु रोपी Green City प्रवर्द्धन गरिनेछ ।

१५१) काठमाडौं महानगर क्षेत्रभित्रका सार्वजनिक स्थानहरुमा आवश्यक संख्यामा **'स्मार्ट सार्वजनिक शौचालय'** (Smart Public Toilet) तथा **ईट्वाइलेटहरु** (E-Toilets) निर्माण गर्ने कार्य प्राथमिकताकासाथ अघि बढाइनेछ ।

१५२) उपत्यकाभित्र बाप्रदुषण हुनुको मुख्य कारण सवारी साधनहरुबाट निस्कने धुँवा भएको हुनाले यस्ता प्रदुषण गर्ने सवारी साधनहरुलाई सुधार र प्रदुषण नियन्त्रण गर्न उपत्यकाको अन्य नगरपालिकाहरुसँग सहकार्य गरिनेछ । यस्तै नेपाल सरकारसंग समन्वय गरेर यस्ता सवारी साधनहरुले प्रदुषणबापत तिरेको करलाई प्रदुषण नियन्त्रण गर्ने कार्यमा लगानी गर्न पहल गरिनेछ ।

१५३) जमिनमुनीको पानीको सन्तुलित सतह कायम गर्न रिचार्ज काठमाडौं अभियान संचालन गरिनेछ ।

१५४) एक घर दुई रुखको कार्यक्रमलाई यस आर्थिक वर्षमा अभियानका रुपमा कार्यान्वयन गरिनेछ ।

१५५) काठमाडौ महानगरलाई प्लाष्टिक झोलामुक्त सहर बनाउन सम्वन्धित निकायहरुसँग समन्वय गरी कार्यविधि बनाई कार्यान्वयनमा ल्याईनेछ ।

१५६) काठमाडौं महानगरपालिका क्षेत्रलाई सफा र सुन्दर बनाउन मूल सडक र सहायक सडक मोहडामा अवस्थित भवन तथा भौतिक संरचना, कम्पाउण्डवाल समेतमा तोकिएबमोजिम रंगरोगन गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ । आफ्नो घर अगाडिको फुटपाथ, सडक किनारामा रहेका रुख, विरुवा, आईलैण्ड संरक्षण एवं सम्बर्द्धन गरी सहरी सौन्दर्य प्रवर्द्धन गर्न सम्वन्धित घरधनीलाई जिम्मेवार बनाइनेछ ।

१५७) विश्व सम्पदा सूचीमा सूचीकृत भएको पशुपतिनाथ क्षेत्रभित्रको भण्डारखाल जंगलको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनका लागि आवश्यक सहकार्य गरिनेछ ।

१५८) काठमाडौं महानगरपालिका कोटेश्वर तीनकुने स्थित खुल्ला क्षेत्रलाई मौलिक पहिचान सहितको अन्तर्राष्ट्रिय स्तरको आधुनिक बुद्धपार्क निर्माण गरिनेछ ।

१५९) सहरी तथा सघन वस्ती वसेको स्थानमा सवारी साधन मर्मत सम्भार गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

१६०) फोहोरमैला संकलन र ढुवानी प्रात ७:०० बजेभित्र र साँझ ८:०० बजे पछि मात्र गर्ने गरी आवश्यक संस्थागत एवं नीतिगत व्यवस्था गरिनेछ ।

१६१) काठमाडौं महानगरपालिकाको स्वीकृति नलिई फोहोरमैला व्यवस्थापनमा संलग्न भई फोहोरमैला ब्यवस्थापन शुल्क अशुल गर्ने निजी क्षेत्रलाई कानूनको दायरामा ल्याइनेछ । फोहोरमैला व्यवस्थापन र शुल्क निर्धारणमा महानगरपालिकाको स्वीकृति अनिवार्य गरिनेछ ।

**ठ) विपद व्यवस्थापन नीति :**

१६२) काठमाडौं महानगरपालिकाका पुर्वाधार विकास प्रकृयामा बिपद् जोखिम न्यूनीकरणका अवधारणाहरुलाई आत्मसात गरिनेछ ।

१६३) आपत्कालीन कार्य संचालन संरचना विकास गरी बिपद् ब्यवस्थापनको संस्थागत क्षमता अभिबृद्धि गरिनेछ ।

१६४) महानगरवासीको सुरक्षा व्यवस्था मिलाउन नगर प्रहरी, नेपाल प्रहरी र सामुदायिक संस्थासंग सहकार्य अभिबृद्धि गरिनेछ ।

१६५) महानगरपालिकाको पाँच क्षेत्रमा दमकल लगायत विपद व्यवस्थापनका लागि चाहिने उपकरणहरुको व्यवस्था मिलाइनेछ ।

१६६) दमकल जान नसक्ने स्थानहरुमा आगलागी भएको अवस्थामा तत्काल आगो नियन्त्रण गर्न सक्ने गरी Fire Hydrant को व्यवस्था गर्ने नीति लिइनेछ ।

१६७) काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका पेट्रोल पम्प तथा ग्यास स्टेसनहरुबाट सर्वसाधारणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्नका लागि जोखिमयुक्त अवस्थामा रहेका पेट्रोल पम्प तथा ग्यास स्टेसनहरुलाई सुरक्षित बनाउने नीति अवलम्बन गरिनेछ ।

१६८) भूकम्प, बाढी, आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण वा जीर्ण भइ बसोबास गर्न नमिल्ने अवस्थाको घरहरुको स्थलगत प्रतिवेदन लिई बस्न अयोग्य भएका घरहरुलाई प्रतिवेदनका आधारमा सो आ.व.बाट घरजग्गा कर/सम्पत्ती कर छुट दिइनेछ । त्यस्तो छुट सुविधा लिएका घरहरुबाट मानवीय क्षति हुन नदिन अनिवार्य रुपमा भत्काउने व्यवस्था लागू गरिनेछ ।

१६९) काठमाडौं महानगरपालिका क्षेत्रमा सञ्चालित एम्बुलेन्सहरुलाई थप व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

**ड) अन्तर्राष्ट्रिय सम्बन्ध नीतिः**

१७०) काठमाडौं महानगरको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरिनेछ । यसका लागि विभिन्न सहरहरुसँगको भगिनी सम्बन्ध विस्तार गर्दै लगिनेछ ।

१७१) वैदेशिक सहयोग परिचालन गर्दा पर्यटन प्रवर्द्धन गर्दै, आय वढाउने, रोजगारी सृजना गर्ने, वातावरण संरक्षण गर्ने र महानगरपालिकाको प्राथमिकतामा परेका आयोजना कार्यान्वयनमा जोड दिइनेछ ।

१७२) महानगरपालिकाको आयोजना/परियोजना बैंक बनाई प्राथमिकता प्राप्त क्षेत्रमा वैदेशिक सहयोग परिचालन गर्ने नीति लिइनेछ ।

**ढ) कृषि, खाद्य तथा पशु नीतिः**

१७३) जनताको स्वास्थ्यसँग प्रत्यक्ष रुपमा सम्बन्धित खाद्यान्नको गुणस्तर कायम गर्न विषादि प्रयोग नभएको गुणस्तरयुक्त खाद्य सामग्रीको मात्र महानगरभित्र आपूर्ति तथा विक्रीवितरणको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ । गुणस्तरीयता परीक्षण गर्ने ब्यवस्थाका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

१७४) आम नागरिकसँग सरोकार राख्ने आधारभूत वस्तु तथा सेवाको आपूर्ति र गुणस्तर कायम गर्न स्थानीय बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१७५) घरबाट उत्सर्जित हुने जैविक फोहोरलाई कम्पोष्टमल बनाई स्वव्यवस्थापन गर्ने प्रवृत्तिको विकास गर्ने र अर्गानिक कृषिप्रविधिलाई प्रोत्साहन गर्न कौशी खेतीलाई प्रवर्द्धन गरिनेछ ।

१७६) कृषि उपजको संरक्षणका लागि आधुनिक शीत भण्डारण निर्माणमा जोड दिइनेछ ।

१७७) सहकारी तथा निजी क्षेत्रको लगानीमा गुणस्तरीय एवं आधुनिक बधशाला निर्माण तथा सञ्चालन गरी स्वस्थ मासुजन्य खाद्य पदार्थको उपभोग गर्न पाउने हकलाई सुनिश्चित गरिनेछ । सोको लागि बध गरिने जनावरको स्वास्थ्य परीक्षण, सफा र स्वस्थ बधशालाको विकास, मासु पसलको गुणस्तरीयता परीक्षण गर्नका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

१७८) काठमाडौं महानगरपालिका क्षेत्रभित्र संचालनमा आएका सम्पुर्ण होटल, रेष्टुरेन्ट तथा खाद्य पदार्थ विक्रि वितरण गर्ने स्थानहरुको गुणस्तर परीक्षण गरी खाद्य गुणस्तर प्रमाण-पत्र वितरण गर्ने कार्यको थालनी गरिनेछ ।

१७९) काठमाडौं महानगरपालिका क्षेत्रभित्र हुने मदिरा तथा सुर्तीजन्य पदार्थको उत्पादन, विक्रिवितरण, भण्डारण र प्रशोधनमा नियमन र नियन्त्रण गरिनेछ ।

१८०) महानगरपालिका क्षेत्रभित्रका गाई, गोरु, भैंसी, राँगाहरुको लगत लिने तथा छाडा गाई, गोरु, भैंसी, राँगा लगायत अन्य पशुहरुलाई ब्यवस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८१) तरकारी तथा फलफूल बजार, वधशाला, माछा-मासुका बजारलाई आधुनिकीकरण गरी व्यवस्थित गरिनेछ ।

**ण) भवन मापदण्ड नीति**

१८२) काठमाडौं महानगर क्षेत्रभित्रका भवनहरुको सबलता, सुरक्षा र जोखिम न्यूनीकरण गर्न प्रचलित भबन निर्माण सम्बन्धी मापदण्डमा समयानुकुल संशोधन गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८३) काठमाडौंको भित्री सहरमा रहेका पुराना भवनहरुको जोखिमलाई न्यूनीकरण गर्न त्यस्ता भवनहरुको स्थानमा सुविधा सम्पन्न एकीकृत वस्ती विकास गर्ने नीति लिइनेछ । स्थानीय घरधनीहरुको सहमति र प्रत्यक्ष सहभागितामा र नेपाल सरकारका सम्बद्ध निकायहरुको आवश्यक सहयोग तथा समन्वयमा नमुना आवास क्षेत्रको विकास गर्ने कार्य काठमाडौ महानगरपालिका १८ वडा अन्तर्गतको किलांक्व दम्बोचुकबाट सुरु गरिनेछ ।

१८४) Land Use Plan/ Risk Sensitive Land Use Plan तयार गरी काठमाडौं महानगर क्षेत्रभित्रको बस्ती सुरक्षित र बैज्ञानिक बनाइनेछ ।

१८५) नेपाली मौलिकता झल्कने कलात्मक घरहरुलाई थप प्रोत्साहन गर्न कार्यविधि बनाई लागू गरिनेछ ।

**त) सहरी योजना आयोग सम्बन्धी नीति :**

१८६) काठमाडौं महानगरपालिकाका नीति तथा कार्यक्रमलाई ठोस तथा उपलब्धिमूलक बनाउन काठमाडौं महानगरपालिका, सहरी योजना आयोगको भूमिकालाई थप प्रभावकारी बनाइनेछ ।

१८७) काठमाडौं महानगरपालिका सहरी योजना आयोगको नेतृत्वमा स्नातक तह उत्तीर्ण सिभिल इञ्जिनियर तथा आर्किटेक्टलाई लक्षित गरी **Career Camp Leading to City Planning Institute** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८८) सहरी सेवा सुविधालाई छिटो, छरितो एवं प्रविधियुक्त बनाउने उदेश्यकासाथ तत्काल कार्यान्वयन गर्न सकिने Smart प्रविधि अवधारणाहरुको आव्हान गरी **Smart Technology Competition** सञ्चालन गरी उत्कृष्ट अवधारणालाई पुरस्कृत गर्नुका साथै Start up कम्पनीलाई महानगरपालिकाको विशेष पहलमा निजी तथा सार्वजनिक संस्थाहरुसँग समन्वय गरी प्रवर्द्धन गरिनेछ ।

१८९) काठमाडौं महानगरपालिकाको आधारभूत तथ्याङ्क तथा सूचनाको श्रोत महानगरपालिका नै हुनुपर्ने भएकोले नगरको भूसूचना प्रणालीको साथै सामाजिक, आर्थिक, भौतिक, वातावरणीय सूचनाहरु निश्चित समयचक्रमा लिइ तिनलाई नियमित रुपमा अद्यावधिक गर्ने गरी महानगरपालिकाको आफ्नै **Data Center स्थापना** गर्नका लागि सम्भाब्यता अध्ययनको थालनी गरिनेछ । यस्ता सूचनाहरुमा आम नागरिक तथा सरोकारवालाहरुको पहुँच सहज बनाइनेछ । साथै अन्य निकायहरुबाट संकलन गरिएका सूचना तथा तथ्याङ्कहरुलाई एउटै Platform मा राख्नको लागि समन्वय गरिनेछ ।

१९०) महानगरपालिकालाई अन्तर्राष्ट्रिय स्तरको सहरका रुपमा विकास गर्नका लागि विभिन्न क्षेत्रका विज्ञ, समाजसेवी, राजनैतिक पार्टीका अगुवाहरुको परामर्श लिई यस आ.व.मा काठमाडौं महानगरपालिकाको आगामी २५ बर्षको दूरदृष्टि तयार गरिनेछ, जसलाई **दूरदृष्टि २१००** भनिनेछ ।

१९१) सहरी योजना आयोगले यस बर्ष विभिन्न सरकारी, गैर सरकारी, पेशागत समूह, सामुदायिक समूह आदिसँग महानगरपालिकाको आपसी हित तथा समझदारीको विकास गर्दै साझेदारीका विभिन्न क्षेत्रहरुको पहिचान गरी कार्यान्वयनका क्रियाकलापहरु तय गरिनेछ । त्यस्ता कार्यहरु विपद जोखिम न्यूनीकरण तथा मौसम परिवर्तन, सार्वजनिक स्थल तथा पार्क संरक्षण, सार्वजनिक पार्किङ्ग तथा शौचालय, तरकारी तथा

फलफूल बजार व्यबस्थापन, सम्पदा संरक्षण, उद्यमशीलता तथा रोजगारी विकास, खाद्यान्न तथा मासुको गुणस्तरियता लगायतका विषयहरुमा केन्द्रित हुनेगरी साझेदारी विकास कार्यक्रमको रणनीतिक प्रारुप तयार गरिनेछ ।

१९२) काठमाडौं महानगरपालिका सहरी योजना आयोगको नेतृत्वमा काठमाडौं महानगरपालिकासँग सम्बन्धित क्षेत्रहरुमा परामर्श सेवा सम्वन्धी कार्यहरु गरिनेछ ।

**अन्तमा,**

१९३) काठमाडौ महानगरलाई बिगतको ऐतिहासिक, सांस्कृतिक, समुन्नत बिरासतलाई इतिहास वर्तमान र भविष्यसंग जोड्दै समृद्धितर्फ लैजाने, जनताको सापेक्ष विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको समिश्रणवाट उत्तर-आधुनिक विकासको खाका कोर्ने र तदनुरुपका अत्याधुनिक पूर्वाधार र संरचना तयार गरी काठमाडौंलाई सुन्दर सहर बनाउने सन्दर्भमा हाम्रा प्रयत्नहरु निरन्तर जारी छन् । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण महानगरवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै काठमाडौं महानगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्‍याउन नेपाल सरकार, ३ नं. प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, महानगरका कर्मचारीहरु, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछौं ।

धन्यवाद ।

०२ आषाढ, २०७५
नेपाल संवत ११३८ तछलाथ्व, तृतीया

विद्या सुन्दर शाक्य
प्रमुख